श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०१६ सालको ऐन नं. ७

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत श्रोजस्वि राजन्य प्रोज्ज्वल नेपालतारा अतिश्रोजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अति प्रबल गोरखा दक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्री ममहाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जंगबहादुर शाहबहादुर शमशेर जंग देवानाम् सदा समरविजयिनाम्।

### जंगली जीव जन्तु (संरक्षण) ऐनलाई संशोधन गर्न बनेको ऐन

जंगली जीव जन्तु (संरक्षण) ऐन, २०१५ (यसपछि "मूल ऐन" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम जंगली जीव जन्तु (संरक्षण) (संशोधन) ऐन, २०१६ रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल ऐनको दफा ४ मा संशोधनः– (१) मूल ऐनको दफा ४ को शीर्षकमा रहेको "लाइसेन्स प्राप्त गर्ने तरीका" भन्ने शब्दहरूको सट्टा "लाइसेन्स प्राप्त गर्ने तरीका र जंगली जीव जन्तुको शुल्क र हात्ती घोडाको दस्तूर लिने बारे" भन्ने शब्दहरू राखिएकोछ।

(२) मूल ऐनको दफा ४ को उपदफा (१) मा निम्नलिखित प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ –

"तर, श्री ५ को सरकारले कुनै व्यक्तिसंग त्यस्तो दस्तूर नलिन पनि सक्नेछ"।

(३) मूल ऐनको दफा ४ को उपदफा (२) को सट्टा निम्नलिखित उपदफा (२) राखिएकोछ–

(२) उपदफा (१) अन्तर्गत कसैको दरखास्त परेपछि तोकिएको अफिसरले तोकिएको शर्तमा कुनै एक क्षेत्रभित्र कुनै एक वा एकभन्दा बढी जातका जंगली जीव जन्तुको शिकार गर्न पाउने गरी दरखास्तवालालाई तोकिएको ढांचाको लाइसेन्स दिन सक्छ। त्यस्तो प्रत्येक लाइसेन्सको दस्तूर (फी) तथा अवधि र त्यसलाई रिन्यू गर्ने तरीका तोकिए बमोजिम हुनेछ र त्यस्तो लाइसेन्स बमोजिम शिकार गर्न पाउने जंगली जीव जन्तुको शुल्क र शिका-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रको प्रयोजनको लागि जंगलमा लगिएको हात्ती घोडाको दस्तूर तोकिए बमोजिमको हुनेछ ।

तर—

(१) श्री ५ को सरकारले कुनैव्यक्तिसंग त्यस्तो जंगली जीव जन्तुको शुल्क वा जंगलमा लगिने हात्ती घोडाको दस्तूर नलिन पनि सक्नेछ ।

(२) कुनै संरक्षित जंगली जीव जन्तु शिकार गर्न पाउने गरी तोकिएको शर्तमा श्री ५ को सरकारले मात्र लाइसेन्स दिन सक्नेछ ।

३. मूल ऐनको दफा ९ मा संशोधनः– मूल ऐनको दफा ९ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा निम्नलिखित प्रतिबन्धात्मक वाक्यांश राखिएकोछ–

"तर त्यसरी संरक्षित जंगली जीव जन्तुको शिकार गर्ने व्यक्तिलाई माथि लेखिएको सजायमा थप रू. २०००।– दुई हजारदेखि २५०००।– पच्चीस हजारसम्म जरिवाना वा १ वर्षदेखि ५ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

४. मूल ऐनको दफा ११ पछि निम्नलिखित दफा ११ क. थपिएको छः–

११ क. विशेष अधिकारः– लाइसेन्स विना संरक्षित जंगली जीव जन्तुको शिकार गर्न लागेको फेला परी पक्रेकोमा छुटाई लैजान वा पक्रन नदिन कसूरदार वा निजका मदतगार कसैले हूल हुज्जत गरी भागी जाने वा भगाई लैजाने अवस्था परेमा वा पक्रने के ज्यान जोखिम हुने सम्भावना देखिन आएमा वा हतियार नचलाई नहुने अवस्था पर्न आएमा भरसक घूँडादेखि मुनी लाग्ने गरी सो पक्रन जाने मुख्य कर्मचारीले गोली चलाउन सक्दछ र सो बमोजिम गोली चलाउंदा मानिस मर्न गएमा बात लाग्नेछैन ।

५. बचाउः– नेपाल अधिराज्यको संविधानको धारा ५५ को उपधारा (४) बमोजिम यो ऐन निष्क्रय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानी यस ऐन अन्तर्गत भए गरेको काम कुरामा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

इति सम्वत् २०१९ साल गते रोज शुभम———

लालमोहर सदर मितिः २०१९।३।१५।६

आज्ञाले–

प्रद्युम्नलाल राजभण्डारी

श्री ५ को सरकारको सचिव,

कानून तथा न्याय मन्त्रालय ।

गोरखापत्र छापाखानामा मुद्रित ।

C ६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।